सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८१/०८२
च. नं.:

मिति: २०८१/१२/११

**विषय: गाउँपालिका गान तयार गर्ने सम्वन्धी सूचना ।**

प्रस्तुत विषयमा सत्यवती गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार गाउँपालिका गान तयार गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले देहायका सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयको ई-मेल ठेगाना satyawatigaunpalika@gmail.com वा कार्यालयमा पेस गर्नुहुन अनुरोध छ ।

सर्तहरु:

१. गाउँपालिकाको गान सत्यवती गाउँपालिकाको पहिचान खुल्ने खालको हुनुपर्ने छ ।

२. गाउँपालिकाको सामाजिक, साँस्कृतिक, धार्मिक, भौगोलिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीयस्थल समेतको पहिचान झल्किने हुनुपर्नेछ ।

३. गाउँपालिका गान घटीमा ५० (पचास) र बढीमा ६० (साठी) शब्दको हुनुपर्नेछ ।

४. गाउँपालिका गानको मूल्याङ्कन गाउँपालिकाको मूल्याङ्कन समितिबाट गरिनेछ र आवश्यक परेमा मूल्याङ्कन समितिको सुझाब बमोजिम गाउँपालिकाको गान परिमार्जन गर्नुपर्नेछ ।

५. रचनामा प्रयोग भएका शब्द मौलिक, सरल, शुद्ध र नेपाली जनजिब्रोमा प्रचलनमा रहेको हुनुपर्नेछ ।

६. छनोट गरिएको रचनालाई प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गरिनेछ ।

७. गाउँपालिका गानको स्वीकृति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

२०८१/१२/११

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo